(ग) बन्दी प्रत्यक्षीकरण सम्बन्धी मुद्दा,

(घ) निषेधाज्ञा सम्बन्धी मुद्दा,

(ङ) अदालतको अवहेलना सम्बन्धी मुद्दा,

(च) संयुक्त इजलासबाट हेरिने मुद्दाको लगाउको मुद्दा ।

(३) क्षेत्रीय अदालतमा देहायका मुद्दाहरू दुईजना न्यायाधीशहरूको संयुक्त इजलासबाट हेरिनेछ र सो बाहेक अरू काम कारबाई एक न्यायाधीशको इजलासबाट हुनेछः–

(क) पुनरावेदन,

(ख) साधक,

(ग) पुनरावेदन गर्न अनुमति दिएको मुद्दा,

(घ) तल्लो अदालत वा निकायमा राय बाकी भएको मुद्दा,

(ङ) बन्दी प्रत्यक्षीकरण सम्बन्धी मुद्दा,

(च) निषेधाज्ञा सम्बन्धी मुद्दा,

(छ) अदालतको अवहेलना सम्बन्धी मुद्दा,

(ज) संयुक्त इजलासबाट हेरिने मुद्दाको लगाउको मुद्दा ।

(४) उपदफा (२) बमोजिम अंचल अदालतमा दुई जना न्यायाधीशहरूको संयुक्त इजलासबाट हेरिने मुद्दाको निर्णय गर्दा दुई न्यायाधीशहरू बीच मतैक्य नभएमा दुवै न्यायाधीशहरूको राय सहित सो मुद्दा निर्णयार्थ तेस्रो न्यायाधीश समक्ष पेश गर्नु पर्नेछ । सो बमोजिम तेस्रो न्यायाधीश समक्ष पेश भएपछि कायम हुन आएको बहुमतको राय नै अंचल अदालतको अन्तिम निर्णय मानिनेछ । बहुमत कायम हुन नसकेमा सबै न्यायाधीशहरूको राय सहित सो मुद्दा निर्णयार्थ तारिखमा रहेका पक्षहरूलाई तारिख तोकी मिसिल क्षेत्रीय अदालतमा पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (३) बमोजिम क्षेत्रीय अदालतका दुईजना न्यायाधीशहरूको संयुक्त इजलासबाट हेरिने मुद्दाको निर्णय गर्दा दुई न्यायाधीशहरूका बीच मतैक्य नभएमा दुवै न्यायाधीशहरूको राय सहित सो मुद्दा निर्णयार्थ तेस्रो न्यायाधीश समक्ष पेश गर्नु पर्नेछ। सो बमोजिम तेस्रो न्यायाधीश समक्ष पेश भएर पनि बहुमत कायम हुन नसकेमा सबै न्यायाधीशहरूको राय सहित सो मुद्दा निर्णयार्थ तारिखमा रहेका पक्षहरूलाई तारिख तोकी मिसिल सर्वोच्च अदालतमा पठाउनु पर्नेछ।"

४. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को खण्ड (ग) झिकिएको छ।

५. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:-

"१०. क्षेत्रीय अदालत र अञ्चल अदालतको शुरू कारबाई र किनारा गर्ने अधिकार क्षेत्र: क्षेत्रीय अदालत र अञ्चल अदालतलाई देहायको मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार हुनेछ:-

(क) दफा ११ वा अन्य प्रचलित नेपाल कानूनद्वारा क्षेत्रीय अदालत वा अञ्चल अदालतबाट शुरू कारबाई र किनारा गर्ने भनी तोकिदिएको मुद्दा,

(ख) सर्वोच्च अदालतबाट शुरू कारवाई र किनारा गर्न क्षेत्रीय अदालत वा अञ्चल अदालतलाई तोकिपठाएको मुद्दा।"

६. मूल ऐनको दफा १३ मा संशोधन: मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ:-

"१३. पुनरावेदन: (१) दफा ६ वा ११ अन्तर्गत जिल्ला अदालतले र प्रचलित नेपाल कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला वा अञ्चलस्तरीय अन्य कुनै निकाय वा



६८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीले कुनै मुद्दा मामिलामा गरेको शुरू फैसला वा अन्तिम आदेश उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

(२) यो ऐन वा प्रचलित नेपाल कानून अनुसार अञ्चल अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायको मुद्दामा मात्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछः–

(क) अञ्चल अदालतले शुरू कारबाई र किनारा गरेको मुद्दा,

(ख) जिल्ला अदालतले वा प्रचलित नेपाल कानूनबमोजिम अन्य कुनै निकाय वा अधिकारीले शुरू कारबाई र किनारा गरेको मुद्दामा शुरू इन्साफ पूरै वा केही उल्टाई अञ्चल अदालतले फैसला वा अन्तिम आदेश गरेको मुद्दा,

(ग) मृत्यु दण्ड, सर्वस्वसहित जन्म कैद, जन्म कैद वा दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको अभियोग लागेको मुद्दा,

(घ) उपदफा (४) बमोजिम क्षेत्रीय अदालतले पुनरावेदन गर्न अनुमति दिएको मुद्दा।

(३) यो ऐन वा अन्य प्रचलित नेपाल कानून अनुसार क्षेत्रीय अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर देहायका मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछः–

(क) क्षेत्रीय अदालतले शुरू कारवाई र किनारा गरेको मुद्दा,

(ख) अञ्चल अदालतले वा प्रचलित नेपाल कानूनबमोजिम अन्य कुनै निकाय वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीले शुरू कारवाई र किनारा गरेको मुद्दामा क्षेत्रीय अदालतमा पहिलो पुनरावेदन परी सो मुद्दामा शुरू इन्साफ पूरै वा केही उल्टाई क्षेत्रीय अदालतले फैसला वा अन्तिम आदेश गरेको मुद्दा,

(ग) मृत्यु दण्ड, सर्वस्वसहित जन्म कैद, जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढीको कैदको सजाय हुन सक्ने अपराधको अभियोग लागेको मुद्दा, वा

(घ) उपदफा (५) बमोजिम सर्वोच्च अदालतले पुनरावेदन गर्ने अनुमति दिएको मुद्दा ।

(४) शुरू तहको निर्णय उपर अञ्चल अदालतले पुनरावेदन हेरी सो निर्णय सदर गरेको अञ्चल अदालतको फैसला वा अन्तिम आदेशमा देहायका कुनै प्रश्नमा कानूनी त्रुटि भएको देखिएमा अञ्चल अदालतको फैसला वा अन्तिम आदेश उपर क्षेत्रीय अदालतले आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ:–

(क) अधिकारक्षेत्र सम्बन्धी प्रश्न,

(ख) कानूनको व्याख्या सम्बन्धी प्रश्न,

(ग) सर्वोच्च अदालतबाट स्थापित भएका कानूनी सिद्धान्तको पालन नगरेको वा गलत व्याख्या गरेको प्रश्न,

(घ) मुद्दामा पक्ष विपक्ष बीच मुख नमिली इन्साफ गर्नुपर्ने प्रश्नसंग सम्बद्ध बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने असम्बद्ध प्रमाण बुझी प्रमाण लगाएको वा लगाउनु पर्ने सम्बद्ध प्रमाण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नलगाएकोले इन्साफमा तात्विक असर परेको प्रमाण सम्बन्धी प्रश्न, वा

(ङ) वाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्य-विधि सम्बन्धी कानून उल्लंघन भई न्यायोचित सुनवाई हुन नसकेको प्रश्न ।

(५) अञ्चल अदालत वा प्रचलित नेपाल कानून-बमोजिम कुनै निकाय वा अधिकारीले शुरू कारबाई गरी गरेको निर्णय उपर क्षेत्रीय अदालतले पुनरावेदन हेरी सो निर्णय सदर गरेको क्षेत्रीय अदालतको फैसला वा अन्तिम आदेशमा देहायका कुनै प्रश्नमा गम्भीर कानूनी त्रुटि देखिएमा क्षेत्रीय अदालतको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतले उपदफा (७) का अधीनमा रही आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिन सक्नेछः–

(क) अधिकार क्षेत्र सम्बन्धी प्रश्न,

(ख) कानूनको व्याख्या सम्बन्धी प्रश्न,

(ग) सर्वोच्च अदालतबाट स्थापित भएका कानूनी सिद्धान्तको पालन नगरेको वा गलत व्याख्या गरेको प्रश्न,

(घ) मुद्दाको रोहमा एउटा क्षेत्रीय अदालतले गरेको कानूनको व्याख्या अर्को क्षेत्रीय अदालतको व्याख्यासंग बाझिएको प्रश्न, वा

(ङ) संविधानको व्याख्या सम्बन्धी प्रश्न ।

(६) उपदफा (४) वा (५) बमोजिम पुनरावेदनको अनुमतिको आदेश दिंदा सो आदेशमा सम्बन्धित फैसला वा अन्तिम आदेशको कुन कुराले उपदफा (४) वा (५) बमोजिम के कस्तो त्रुटि हुन गएको हो सो स्पष्ट खुलाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथै पुनरावेदनको अनुमति दिनुनपर्ने ठहराएमा त्यसका कारणहरू निर्णयमा स्पष्ट खुलाउनु पर्नेछ । अनुमति दिइएको मुद्दामा पुनरावेदनको किनारा गर्दा अवस्थाअनुसार उपदफा (४) वा (५) मा उल्लिखित प्रश्न र सो प्रश्नसम्बन्धी तथ्यमा मात्र सीमित रही पुनरावेदनको किनारा गर्नु पर्नेछ ।

(७) उपदफा (४) को खण्ड (ख) र (ग) बाहेक अरु खण्डहरू अन्तर्गत क्षेत्रीय अदालतले पुनरावेदनको अनुमति दिन इन्कार गरेको आदेश वा पुनरावेदनको अनुमति दिई गरेको फैसला वा अन्तिम आदेश उपर पुन: पुनरावेदनको अनुमतिको लागि सर्वोच्च अदालतमा निवेदन लाग्ने छैन ।"

७. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ:–

"१४. साधक: (१) प्रचलित नेपाल कानून बमोजिम साधक सदर गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) अन्तर्गत साधक जाहेर भएको मृत्युदण्ड, सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा क्षेत्रीय अदालतले सो सजाय गर्ने ठहराएकोमा मात्र सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) अन्तर्गत साधक जाहेर भएको मुद्दामा पुनरावेदन परेको रहेछ भने साधकको लगत कट्टा गरी पुनरावेदनको रोहबाट मुद्दा हेर्नु पर्नेछ ।

तर अभियुक्तहरूमध्ये कसैको पुनरावेदन परेको रहेछ र कसैको पुनरावेदन परेको रहेनछ भने पुनरावेदन नगर्ने अभियुक्तको हकमा साधकको रोहबाट इन्साफ जाँची मुद्दा किनारा गर्नु पर्नेछ ।

(४) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शुरू तहको अदालतले गरेको निर्णय उपर पुनरा-



४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वेदन नपरी उपदफा (१) अनुसार साधक जाहेर भै आएको मुद्दामा अंचल अदालत वा क्षेत्रीय अदालतबाट भएको साधक फैसलामा अघिको इन्साफ फरक पर्ने गरी निर्णय भएकोमा चित्त नबुझ्ने अभियुक्त (विपक्षी) ले सम्बन्धित अदालत उपरको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दिन सक्नेछ। त्यस्तो मुद्दामा तल्लो तहको फैसला उपर पहिले पुनरावेदन नदिएको कारणले मात्र माथिल्लो तहमा पुनरावेदन दिन नपाउने बन्देज लागू हुनेछैन।

(५) कुनै क्षेत्रीय अदालतको एउटा इजलासले कुनै मुद्दाको निरूपण गर्नु पर्ने प्रश्नहरूका सम्बन्धमा गरेको निर्णय-संग उस्तै प्रश्न समावेश भएको अर्को मुद्दामा सोही अदालतको अर्को इजलास सहमत नभएमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्नेछ र त्यसमा सर्वोच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ।"

८. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. पुनरावेदन हेर्ने र साधक जाँच्ने अदालतको अधिकारः यो ऐन र अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकार देहायबमोजिम हुनेछः–

(क) मुद्दाका पक्ष विपक्षहरू बीच मुख नमिलेको इन्साफ गर्नु पर्ने प्रश्नहरू समावेश भएका मुद्दामा थप प्रमाण समेत बुझ्नु पर्ने भएमा मनासिब माफिकको समय तोकी मुद्दाको लगत कायम राखी सो विषयमा बुझ्नु पर्ने प्रमाण बुझी पठाउन तल्लो अदालतमा फिर्ता पठाउने,

(ख) मुद्दामा ठहऱ्याउनु पर्ने केही विषय बाँकी भए मनासिब समय तोकी मुद्दाको लग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कायम राखी सो विषयमा ठहर गरी पठाउन तल्लो अदालतमा पठाउने,

(ग) तल्लो अदालतको निर्णय सदर, उल्टी वा केही उल्टी गर्ने र तल्लो अदालतले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने, र

(घ) आफैले बढी सबूद बुझ्ने ।"

९. मूल ऐनमा दफा १५ क., १५ ख., १५ ग. र १५ घ. थप: मूल ऐनको दफा १५ पछि देहायका दफा १५ क., १५ ख., १५ ग. र १५ घ. थपिएका छन्:–

"१५ क. निरीक्षण गर्ने र मूल्यांकन गर्ने: (१) अदालतले आफ्नो मातहत अदालतको आवधिक निरीक्षण वर्षमा दुई पटक गर्नु पर्नेछ ।

(२) जुन अधिकारीको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार प्राप्त छ, सो अदालतले वा सो भन्दा माथिल्लो कुनै अदालतले त्यस्तो अधिकारीले गरेको वा गर्न लागेको मुद्दासम्बन्धी काम कारवाईको आवधिक निरीक्षण वर्षको दुई पटक गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निरीक्षण गर्दा सम्बन्धित न्यायाधीश वा अधिकारीले मुद्दा मामिलामा गर्नु पर्ने काम कारवाई नगरेको वा गर्न नहुने काम कारवाई गरेको वा गर्नु पर्ने काम कारवाई मनासिव समय-भित्र वा न्यायोचित किसिमबाट नगरेको देखिएमा निरीक्षण गर्ने न्यायाधीशले सम्बन्धित न्यायाधीश वा अधिकारीलाई उपयुक्त आदेश दिन सक्नेछ र त्यस सम्बन्धमा आवश्यक भएमा निरीक्षण गर्ने न्यायाधीशले पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्रको प्रयोग गर्न सक्नेछ र त्यसरी पुनरावेदन सुन्ने अदालतको अधिकार क्षेत्रको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग गर्दा त्यस्तो अदालतको संयुक्त इजलासको अधिकार समेत प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण गर्दा मुद्दा मामिलामा सम्बन्धित न्यायाधीश वा अधिकारीले गरेको कामको आधारमा निजको कार्यदक्षता र आचरणको मूल्यांकन गरी निरीक्षण गर्ने न्यायाधीशले प्रतिवेदन तयार गर्नु पर्नेछ र अभिलेखको रूपमा राख्न क्षेत्रीय न्यायाधीशको हकमा प्रधान न्यायाधीश कहाँ, अञ्चल न्यायाधीश र जिल्ला न्यायाधीशको हकमा न्याय सेवा आयोगमा र अन्य अधिकारीको हकमा लोक सेवा आयोग र सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनको लागि मूल्यांकन गर्दा देहायका कुराहरूको आधार समेतमा गर्न सकिनेछ र त्यसरी मूल्यांकन गर्दा फैसला नहुँदैको अवस्थामा खण्ड (क), (ख), (छ) र (ज) को आधारमा मात्र गरिनेछः–

(क) मुद्दाको कारबाई रीतपूर्वक गरे नगरेको, गर्नु पर्ने काम समय समयमा गरे नगरेको, तोकिएको तरिका बमोजिम गरे नगरेको,

(ख) बुझ्नु पर्ने प्रमाण बुझे नबुझेको वा बुझ्नु नपर्ने प्रमाण बुझेको,

(ग) नलाग्ने प्रमाण लगाएको वा लाग्ने प्रमाण नलगाएको,

(घ) प्रमाणको सही वा गलत मूल्यांकन गरेको,

(ङ) जानी जानी वा बदनियतसाथ वा असक्षमताको कारणले कानूनको गलत प्रयोग गरी गलत व्याख्या गरेको,

480



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) फैसलाको स्तर (कम, साधारण, उत्तम, अति उत्तम),

(छ) जबाफदेही पन्छ्याउने प्रवृत्ति भए नभएको,

(ज) लगनशीलताका साथ काम गरे नगरेको ।

१५ ख. आकस्मिक निरीक्षण: (१) सर्वोच्च अदालतले कुनै जिल्ला अदालत, अंचल अदालत वा क्षेत्रीय अदालतको काम कारबाईको निरीक्षण स्वयं गर्न वा निरीक्षण गर्नु पर्ने अदालत भन्दा माथिल्लो तहको अदालतको कुनै न्यायाधीशद्वारा आकस्मिक निरीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्ने न्यायाधीशले निरीक्षण गर्दा आफ्नो निरीक्षणको वास्तबिकता स्पष्ट खुलाई प्रतिवेदन सर्वोच्च अदालतमा दिनु पर्छ र अंचल न्यायाधीश र जिल्ला न्यायाधीश सम्बन्धी त्यस्तो प्रतिवेदनको प्रतिलिपि न्याय सेवा आयोगमा पनि पठाउनु पर्छ ।

(३) सर्वोच्च अदालतले कुनै अधिकारीको मुद्दा मामिला सम्बन्धी काम कारबाईको स्वयं वा पुनरावेदन सुन्ने अदालतद्वारा आकस्मिक निरीक्षण गर्न गराउन सक्नेछ । त्यसरी निरीक्षण गर्ने न्यायाधीशले आफ्नो निरीक्षणको वास्तविकता स्पष्ट देखिने गरी निरीक्षणको प्रतिवेदन सर्वोच्च अदालत र सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

१५ग. कारबाई गरिने: दफा १५क. वा १५ख. बमोजिम निरीक्षणको प्रतिवेदनमा कुनै न्यायाधीशले गरेको काम कारबाईमा न्याय सेवा आयोगले त्यस्तो न्यायाधीश उपर बिभागीय कारबाई गर्न आवश्यक देखेमा त्यस्तो न्यायाधीश-



४८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४८

लाई निजको सेवा शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारबाई र सजाय तुरुन्त गर्न श्री ५ को सरकारमा सिफारिश गर्नेछ ।

१५ख. क्षेत्रीय न्यायाधीशको काम कारवाई सम्बन्धमा प्रतिवेदन गर्ने समितिः (१) क्षेत्रीय न्यायाधीशहरूको सम्बन्धमा परेको प्रतिवेदन उपर विचार गरी श्री ५ का हजूरमा आवश्यक सुझाव पेश गर्ने देहायको एउटा समिति हुनेछः–

(क) सम्माननीय प्रधान न्यायाधीश –संयोजक
(ख) सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश– सदस्य
(ग) श्री ५ बाट तोकिबक्सेको न्यायविद्– सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले आफू समक्ष प्राप्त भएका प्रतिवेदनहरूबाट कुनै क्षेत्रीय न्यायाधीशको सम्बन्धमा दफा १७ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश (ख) अनुसार कारबाई गर्न पर्याप्त आधार देखिन आएमा सोही व्यहोरा श्री ५ का हजूरमा जाहेर गर्नेछ ।"

१०. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६ सर्वोच्च अदालतले मुद्दा झिकाउन सक्नेः (१) आफ्नो मातहतको कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दामा संविधानको व्याख्यासम्बन्धी वा त्यस्तै सार्वजनिक महत्वको विषयसम्बन्धी कुनै जटिल कानूनी प्रश्न समावेश छ र सो मुद्दामा इन्साफ दिन उक्त प्रश्न बारे निर्णय गर्नु अत्यन्त जरूरी छ भन्ने सर्वोच्च अदालतले आफैले वा पक्षको निवेदनबाट देखेमा सो मुद्दा आफू समक्ष झिकाई आफैले अन्तिम निर्णय गर्न वा त्यस्तो कानूनी प्रश्न बारे निर्णय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी सो निर्णयलाई दृष्टिमा राखी मुद्दा किनारा गर्ने मुद्दा झिकाइएको अदालतमा फिर्ता पठाउने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

(२) परिरहेका मुद्दा मामिला लम्ब्याउन वा अदालतबाट भैसकेको निर्णय कार्यान्वित हुन नदिन वा अनावश्यक दु:ख दिनको लागि मातहतको अदालतमा निरर्थक वा खिचोल्याहा किसिमका मुद्दा दायर भएका छन् भन्ने पक्षको निवेदनबाट वा निरीक्षण वा निरीक्षण प्रतिवेदनबाट देखिएमा सर्वोच्च अदालतले सम्बन्धित मुद्दा झिकी सो कुरा छानवीन गर्दा सो बमोजिम भए गरेको तथ्ययुक्त देखिएमा इन्साफको निमित्त आफैले अन्तिम निर्णय दिन वा उचित देखेको आवश्यक आदेश दिई अन्य अदालतबाट वा सोही अदालतबाट निर्णय गर्ने गरी मुद्दा पठाउन सक्नेछ ।

(३) मातहतका अदालत वा कुनै निकाय वा अधिकारीका समक्ष दायर रहेको मुद्दा मामिलामा आर्थिक स्वार्थ, आफन्त र नाता सम्बन्धी प्रभाव वा व्यक्तिगत निजी पूर्वाग्रह वा पदको आडमा दवाव दियो भन्ने जस्ता कारणले मुद्दामा पक्षपात हुन लाग्यो वा भयो भनी तथ्यसाथ मुनासिव कारण देखाई पक्षको निवेदन परी छानवीन गर्दा सो बमोजिम भए गरेको देखिएमा उचित इन्साफका लागि सर्वोच्च अदालतले समान अधिकार भएको अर्को अदालत वा अधिकारीले हेर्न सक्ने गरी सारी दिन सक्नेछ ।"

११. मूल ऐनमा दफा १६ख. थप: मूल ऐनको दफा १६क पछि देहायको दफा १६ख. थपिएको छ:–

"१६ख. दशैंको विदामा बन्दी प्रत्यक्षीकरणको निवेदनको सुनवाई गर्ने विशेष व्यवस्था: (१) दशैं विदामा घटस्थापनादेखि पूर्णिमासम्म अदालत बन्द रहने अवस्थामा प्रत्येक अंचल



५० ३६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालत, क्षेत्रीय अदालत र सर्वोच्च अदालतको एकजना न्यायाधीशलाई सो बिदाको अवधिभित्र सो अदालतको अधिकारक्षेत्रमा पर्ने बन्दी प्रत्यक्षीकरणको निवेदनपत्र लिई त्यसको सुनवाई गर्नको लागि तोकिनेछ ।

तर क्षेत्रीय अदालत र अंचल अदालत एकै सदर मुकाममा रहेकोमा अंचल अदालतमा न्यायाधीश तोकिने छैन र सर्वोच्च अदालत रहेको ठाउँमा क्षेत्रीय अदालतमा न्यायाधीश तोकिनेछैन ।

(२) यो ऐन वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम तोकिएको न्यायाधीशले बिदाको अवधिभित्र आफू समक्ष परेको निवेदनपत्रको सम्बन्धमा आफ्नो अदालतको अधिकारक्षेत्र प्रयोग गरी उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गर्न सक्नेछ र सम्बन्धित पदाधिकारीले अदालतले जारी गरेको आज्ञा, आदेश वा पुर्जी बमोजिम कारवाई गर्नु पर्नेछ ।

(३) यो दफा बमोजिम निवेदनपत्र लिने र त्यसको सुनवाई गर्ने स्थान उपदफा (१) अन्तर्गत तोकिएको न्यायाधीशद्वारा निर्धारित गरे बमोजिम हुनेछ ।"

१२. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश (ख) को सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश (ख) राखिएको छः–

"(ख) दफा १५ घ. बमोजिम समितिले गरेको जाहेरीबाट कुनै क्षेत्रीय न्यायाधीश कार्यक्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने देखिन आएमा श्री ५ बाट उपयुक्त



४७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(दफा १५ संग सम्बन्धित)

| क्र.सं. | ऐनको संक्षिप्त नाम | खारेजी र संशोधन |
|---|---|---|
| १. | आवश्यक वस्तुसंरक्षण ऐन, २०१२ | दफा ६ मा रहेको "क्षेत्रीयअदालत" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २. | नेपाल राष्ट्र बैंक ऐन, २०१२ | दफा ३५ खारेज गरिएको छ । |
| ३. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | दफा १६ खारेज गरिएको छ । |
| ४. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | दफा ८ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः– "(५) यो दफाअन्तर्गत तोकिएको अधिकारीले गरेको सजायमा चित्त नबुझ्ने व्यक्तिले अञ्चल अदालतमा पुनरावेदन गर्न सक्नेछ ।" |
| ५. | तथ्यांक ऐन, २०१५ | (१) दफा १० को उपदफा (१) को खण्ड (ग) मा रहेको "अञ्चल अदालत" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरू राखिएका छन् । (२) दफा १० को उपदफा (३) मा रहेको "क्षेत्रीय अदालतमा" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएका छन् । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | |
|---|---|
| ६. बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ | दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–<br>"७. <u>पुनरावेदनः</u> यस ऐनबमोजिम अञ्चलाधीशले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ ।" |
| ७. नेपाल औद्योगिक विकास निगम ऐन, २०१६ | दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः–<br>"२३. <u>सम्झौताबमोजिम हुनेः</u> निगमलाई ऋण वा आर्थिक सहायता दिने विदेशी राष्ट्र वा विदेशी वा अन्तर्राष्ट्रिय संस्था र निगमको बीचमा भएको ऋण वा आर्थिक सहायतासम्बन्धी सम्झौताबाट उठेको विवादको समाधान गर्नेबारे सो सम्झौतामा कुनै खास व्यवस्था भएको रहेछभने सोही बमोजिम हुनेछ ।" |
| ८. नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ | दफा ५१ को उपदफा (४) मा रहेको "श्रम विभागमा पुनरावेदन दिन सक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा श्रम विभागको निर्णय अन्तिम हुनेछ" भन्ने वाक्यांशको सट्टा "अञ्चल अदालतमा पुनरावेदन दिन सक्नेछ" भन्ने वाक्यांश राखिएको छ । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ९. बिर्ता उन्मूलन ऐन, २०१६ | (१) दफा २ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) झिकिएका छन्। |
| | (२) दफा ११ को उपदफा (२) मा रहेको "तोकिएको अदालत" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालत" र "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| १०. भ्रष्टाचार निवारण ऐन, २०१७ | (१) दफा २७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः– "(१) परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर-सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार-क्षेत्र अञ्चल अदालतको हुनेछ।" |
| | (२) दफा २७ को उपदफा (२) झिकिएको छ। |
| | (३) दफा २८. र ३१ क. खारेज गरिएको छ। |
| ११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ | दफा १८ को उपदफा (१) मा रहेको "अंचल अदालत" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरू राखिएका छन र सोही |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | उपदफाको प्रतिबन्धात्मक वाक्यांश खारेज गरिएको छ। |
| १२. कर्मचारी संचय कोष ऐन, २०१९ | दफा २९ को उपदफा (४) खारेज गरिएको छ। |
| १३. नगर पंचायत ऐन, २०१९ | दफा ५३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:– "(३) उपदफा (२) अन्तर्गत प्रधानपंचले कुनै घर भत्काउन आदेश दिएकोमा सो आदेशउपर पैंतीस दिनभित्र अंचल अदालतमा पुनरावेदन लाग्नेछ।" |
| १४. हातहतियार खरखजाना ऐन, २०१९ | दफा २४ को उपदफा (२) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| १५. राष्ट्रिय समाचार समिति ऐन, २०१९ | दफा ३१ खारेज गरिएको छ। |
| १६. गोरखापत्र संस्थान ऐन, २०१९ | दफा ३१ खारेज गरिएको छ। |
| १७. हुलाक ऐन, २०१९ | दफा ६८ खारेज गरिएको छ। |
| १८. शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ | दफा २५ को उपदफा (६) खारेज गरिएको छ। |
| १९. रेल्वे ऐन, २०२० | दफा १७ मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. साझेदारी ऐन, २०२० (१) दफा ४० मा रहेको "क्षेत्रीय अदालतमा" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४२ मा रहेका "सर्वोच्च अदालतमा" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएका छन्।

२१. भूमिसम्बन्धी ऐन, २०२१ (१) दफा ६ को उपदफा (३), दफा ६ को उपदफा (५), दफा ११ को उपदफा (३), दफा १४ को उपदफा (२), दफा १८ को उपदफा (३), दफा २२ को उपदफा (५), दफा २४ को उपदफा (३) र दफा ५८ को उपदफा (२) खारेज गरिएका छन्।

(२) दफा ९ को उपदफा (६) को सट्टा देहायबमोजिमको उपदफा (६) राखिएको छः–

"(६) दफा ५५ बमोजिमको म्यादभित्र पुनरावेदन नपरी तोकिएको अधिकारीले दिएको जफतको आदेश अन्तिम भएमा जाहेरवालालाई जफत भएको जग्गाको तोकिएको दरले हुने मोलको १० प्रतिशत बराबरको रकम पुरस्कार दिइनेछ।"



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ४४ को उपदफा (३) को सट्टा देहायबमोजिमको उपदफा (३) राखिएको छः–

"(३) यस परिच्छेदको प्रयोजनको लागि कुनै ऋण कृषि सम्बन्धी ऋण हो-होइन भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले स्थानीय पंचायतको प्रतिनिधि राखी आवश्यक देखेमा सरजमीन समेत गरी त्यसको निर्णय गर्नेछ ।"

(४) दफा ५५ को सट्टा देहाय बमोजिमको दफा ५५ राखिएको छः–

"५५. पुनरावेदनः (१) यो दफा प्रारम्भ भएपछि यो ऐनमा अन्यथा लेखिएकोमा बाहेक यो ऐनअन्तर्गत जिल्ला अदालत वा तोकिएको अधिकारी, समिति वा संस्थाले गरेको निर्णयउपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन लाग्ने व्यवस्था हुनुभन्दा पहिले तत्काल प्रचलित कानू-



४७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नबमोजिम कुनै अदालत वा अधिकारीसमक्ष पुनरावेदन परी कारवाई चलिरहेको भए त्यसमा सो उपदफामा लेखिएको कुनै कुराले असर पार्नेछैन ।"

(५) दफा ५८क. पछि देहायबमोजिमको दफा ५८ख. थपिएको छः–

"५८ख. फैसलाको कार्यान्वयनः यस ऐनबमोजिम कुनै अदालत वा तोकिएको अधिकारीले गरेको निर्णय अदालतबाट कार्यान्वयन नहुने अवस्थामा तोकिएको अधिकारीले कार्यान्वित गर्नेछ ।"

२२. छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ — दफा ६ खारेज गरिएको छ ।

२३. संस्थान ऐन, २०२१ — (१) दफा १५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) दफा १३ को उपदफा (३) अन्तर्गत सजाय हुने अपराधसम्बन्धी मुद्दा मामिलाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित विभागलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | हुनेछ र सम्बन्धित विभागले गरेको फैसला वा अन्तिम निर्णय-उपर अंचल अदालतमा पुनरावेदन लाग्नेछ ।" |
| | (२) उपदफा (३) झिकिएको छ । |
| २४. कम्पनी ऐन, २०२१ | दफा १४६ को उपदफा (२) र (३) मा रहेको "अंचल अदालत" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरू र उपदफा (३) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २५. मिलसम्बन्धी ऐन, २०२२ | दफा १४ मा रहेको "श्री ५ को सरकारमा" भन्ने शब्दहरूको सट्टा "अंचल अदालतमा" भन्ने शब्दहरू राखिएका छन् । |
| २६. राप्तिदुन विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ | (१) दफा ६ को उपदफा (२) मा रहेको "स्थानीय अंचल अदालतमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतमा" भन्ने शब्दहरू राखिएका छन् ।<br>(२) दफा ९ र दफा १३ को उपदफा (२) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २७. कृषि विकास बैंक ऐन, २०२४ | दफा ४१ खारेज गरिएको छ । |
| २८. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | "२९. पुनरावेदनः यस ऐनबमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर पैंतीस दिनभित्र अंचल अदालतमा पुनरावेदन लाग्नेछ।" |
| २९. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ | दफा १२ को उपदफा (२) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| ३०. नेपाल अधिराज्यको व्यापारिक पानीजहाजको झण्डासम्बन्धी ऐन, २०२७ | दफा १० को उपदफा (४) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| ३१. नेपाली पानीजहाज (प्रमाण-पत्र र रोजनामचा) ऐन, २०२७ | दफा १८ को उपदफा (४) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| ३२. पानीजहाज दर्ता ऐन, २०२७ | दफा २६ को उपदफा (४) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अंचल अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| ३३. स्थानीय प्रशासन ऐन, २०२८ | दफा ८ को उपदफा (४) र (५) खारेज गरिएका छन्। |
| ३४. शिक्षा ऐन, २०२८ | दफा १८ को उपदफा (२) मा रहेको "तोकिएको म्यादभित्र तोकिएको अधिकारीसमक्ष पुनरावेदन लाग्नेछ" भन्ने शब्दहरूको सट्टा "पैंतीस दिन- |

४५०



५२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | भित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ" भन्ने शब्दहरू राखिएका छन् । |
| ३५. संचार संस्थान ऐन, २०२८ | दफा ३४ खारेज गरिएको छ । |
| ३६. चन्दा ऐन, २०३० | दफा १४ मा रहेको "अञ्चल अदालत-लाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला अदालतलाई" भन्ने शब्दहरू राखिएका छन् । |
| ३७. मदिरा ऐन, २०३१ | दफा १५ मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालत" भन्ने शब्दहरू राखिएका-छन् । |
| ३८. वाणिज्य बैंक ऐन, २०३१ | दफा ४२ खारेज गरिएको छ । |
| ३९. गुठी संस्थान ऐन, २०३३ | (१) दफा ५९ को उपदफा (२) मा रहेको "श्री ५ को सरकार-मा" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्द-हरू राखिएका छन् ।<br>(२) दफा ६२ खारेज गरिएकोछ । |
| ४०. संस्था दर्ता ऐन, २०३४ | दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–<br>"१३. पुनरावेदनः दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णयउपर पैंतीस दिन-भित्र अञ्चल अदालतमा पुनरा-वेदन लाग्नेछ ।" |

मुद्रण विभाग, सिंहदरबार



४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ४१. मालपोत ऐन, २०३४ | दफा ३१ मा रहेको "अञ्चलाधीश-समक्ष" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएका छन् । |
| ४२. लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९ | दफा १३ को उपदफा (१), (२) र (४) झिकिएका छन् । |
| ४३. दैवी प्रकोप (उद्धार) ऐन, २०३९ | दफा १७ खारेज गरिएको छ । |
| ४४. पेट्रोलियम ऐन, २०४० | दफा १९ को उपदफा (७) मा रहेको "क्षेत्रीय अदालत" भन्ने शब्दहरूको सट्टा "अञ्चल अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ४५. धितोपत्र कारोवार ऐन, २०४० | दफा २५ खारेज गरिएको छ । |
| ४६. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ | दफा ३९ खारेज गरिएको छ । |

लाल मोहर सदर मिति:– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

४६२



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार